## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रतुवामाई नगरपालिका

# रतुवामाई राजपत्र

खण्डः १ संख्याः२ मितिः २०७५/०१/३०

**भाग-२**

**रतुवामाई नगरपालिका**

## शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४

**स्थानीय सरकार संचालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रतुवामाई नगरकार्यपालिकाले यो **नगरपालिका शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४** जारी गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक
### संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम **"नगरपालिका शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४"** रहेकोछ।

(२) यो कार्यविधि रतुवामाईनगरपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क)**"ऐन"** भन्नाले रतुवामाईनगरपालिकाको स्थानीय सरकार संचालन ऐन, २०७४ लाई ऐनलाई सम्झनु पर्छ।

(क) **"कार्यविधि"** भन्नाले रतुवामाईनगरपालिकाको **शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४** लाई सम्झनु पर्छ।

(ख)**"कार्यपालिका"**भन्नाले रतुवामाईनगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(ग)**"कोष"** भन्नाले नियम ९३ बमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको कोषलाई सम्झनु पर्छ।

(घ)**"रतुवामाईनगरपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नगरपालिका सम्झनु पर्छ।

